लोक सेवा आयोग

कृषि सामग्री कम्पनी लिमिटेड, लेखा, सहायक प्रथम, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८३।०६।०५

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" ६० अङ्क

१. सन्तुलन परीक्षण तयार गर्ने विधिहरू उल्लेख गर्दै यसको तयारीमा हुन सक्ने त्रुटीहरू उदाहरणसहित प्रष्ट पार्नुहोस् । २+३=५

२. बजेट भनेको के हो? बजेटका प्रमुख प्रकारहरू उल्लेख गर्नुहोस् । २+३=५

३. वित्तीय लेखापरीक्षण (Financial Audit) र कार्यमूलक लेखापरीक्षण (Performance Audit) बिचका भिन्नताहरू प्रस्तुत गर्नुहोस् । ५

४. उत्पादन परिमाणमा परिवर्तन हुँदा स्थिर लागत (Fixed Cost), परिवर्तनशील लागत (Variable Cost) र अर्ध-परिवर्तनशील लागत (Semi-Variable Cost) मा पर्ने प्रभाव उदाहरणसहित स्पष्ट गर्नुहोस् । ५

५. नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को परिचय दिँदै यसको महत्त्व वर्णन गर्नुहोस् । २+३=५

६. लेखा समीकरण (Accounting Equation) भनेको के हो? लेखा समीकरणमा आम्दानी र खर्चको प्रभाव उदाहरणसहित स्पष्ट पार्नुहोस् । १+४=५

७. नेपालको कर प्रशासनअन्तर्गत मूल्य अभिबृद्धि कर (Value Added Tax) र आयकर (Income Tax) सम्बन्धी व्यवस्थाहरू संक्षिप्तमा प्रस्तुत गर्नुहोस् । साथै, व्यावसायिक संस्थामा तिनको परिपालना किन आवश्यक छ? स्पष्ट पार्नुहोस् । ३+३+४=१०

८. "खरिद योजना सार्वजनिक खरिद व्यवस्थापनको प्रमुख आधार हो" भन्ने कथनलाई खरिद योजनाको अवधारणा, महत्त्व र उद्देश्यसमेतका आधारमा उदाहरणसहित पुष्टि गर्नुहोस् । १०

९. दोहोरो लेखाप्रणालीलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् । साथै, सरकारी लेखाप्रणाली र व्यावसायिक लेखाप्रणालीबिचका भिन्नता वर्णन गर्नुहोस् । ४+६=१०

खण्ड "ख" ४० अङ्क

१०. कृषि सामग्री कम्पनी लिमिटेडको व्यवसाय प्रवर्धनमा देखिएका अवसर र चुनौतीहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ३+२=५

११. स्थानीय तहसँग कृषि सामग्री कम्पनी लिमिटेडले गर्न सक्ने सहकार्यका प्रमुख सम्भावित क्षेत्रहरू पहिचान गर्नुहोस् । ५

१२. कृषि सामग्री कम्पनी लिमिटेडले नेपालको आर्थिक विकासमा पुऱ्याएको योगदानमाथि प्रकाश पार्नुहोस् । ५

१३. कृषि सामग्री कम्पनी लिमिटेडको बजेट तर्जुमा र निकासासम्बन्धी प्रक्रियाहरू कम्पनीको आर्थिक प्रशासन विनियमावली, २०५९ बमोजिम संक्षेपमा प्रस्तुत गर्नुहोस् । ५

क्रमशः

१४. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले अवलम्बन गर्न सक्ने खरिदका विधिहरू के के हुन्? जानकारी गराउनुहोस् । ५

१५. कृषि सामग्री कम्पनी लिमिटेडको कर्मचारी प्रशासन विनियमावली, २०८० अनुसार कर्मचारीहरूले के-कस्ता बिदाहरू पाउने व्यवस्था रहेको छ? प्रस्तुत गर्नुहोस् । ५

१६. राष्ट्रिय मल नीति, २०५८ र रसायनिक मल निर्देशिका, २०५७ ले नेपालमा मलको गुणस्तर नियन्त्रण, आयात, बिक्रीवितरण र अनुदान व्यवस्थापनका लागि गरेका मुख्य कानूनी प्रावधानहरूमाथि प्रकाश पार्नुहोस् । ५+५=१०

:: समाप्त ::

लोक सेवा आयोग

# कृषि सामग्री कम्पनी लिमिटेड, लेखा, सहायक प्रथम, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०६।१०

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" ६० अङ्क

१. लागत लेखा (Cost Accounting) र आर्थिक लेखा (Financial Accounting) बिचका भिन्नता उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

२. जिन्सी निरीक्षण भनेको के हो? जिन्सी व्यवस्थापनमा यसको के महत्त्व रहन्छ? लेख्नुहोस् । २+३=५

३. कार्यसम्पादन जमानत (Performance Security) को परिचय दिनुहोस् । साथै, कार्यसम्पादन जमानतले सार्वजनिक निकायको हित संरक्षणमा कसरी सहयोग पुर्‍याउँछ? स्पष्ट गर्नुहोस् । २+३=५

४. श्रम लागत (Labor Cost) भनेको के हो? ज्याला भुक्तानीका कुनै दुई प्रणालीको जानकारी दिनुहोस् । २+३=५

५. सहायक खाता (Subsidiary Ledger) को परिचय दिंदै यसको महत्त्व स्पष्ट पार्नुहोस् । २+३=५

६. पूँजीगत आम्दानी (Capital Income) र आयगत आम्दानी (Revenue Income) बिचको भिन्नता उदाहरणसहित प्रस्तुत गर्नुहोस् । ५

७. नेपालको सरकारी लेखाप्रणालीका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । यस प्रणालीका सीमितता (Limitation) तथा सुधारका उपायहरू प्रस्तुत गर्नुहोस् । ४+३+३=१०

८. मूल्यह्रास (Depreciation) को परिचय दिनुहोस् । साथै, लेखाप्रणालीमा मूल्यह्रासको आवश्यकता स्पष्ट गर्दै यसका प्रकारहरू संक्षेपमा जानकारी गराउनुहोस् । २+४+४=१०

९. कार्यमूलक लेखापरीक्षण भनेको के हो? वित्तीय लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षणबिचको अन्तरसम्बन्ध र भिन्नताहरू प्रष्ट्याउनुहोस् । ३+३+४=१०

### खण्ड "ख" ४० अङ्क

१०. कृषि सामग्री कम्पनी लिमिटेडको परिचय दिंदै यसको स्थापनाका मुख्य उद्देश्यहरू उल्लेख गर्नुहोस् । २+३=५

११. नेपालको संघीय शासन प्रणालीमा तहगत सरकारसँग कृषि सामग्री कम्पनी लिमिटेडको सहकार्यका सम्भावित क्षेत्रहरू पहिचान गर्नुहोस् । ५

१२. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्दा अवलम्बन गर्ने खरिद विधिहरू के-कस्ता रहेका छन्? उल्लेख गर्नुहोस् । ५

१३. भाडा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ अनुसार कृषि सामग्री कम्पनी लिमिटेडका सटर, गोदाम वा जग्गा भाडामा दिने प्रक्रिया खुलाउनुहोस् । ५

१४. रसायनिक मल निर्देशिका, २०५७ ले गुणस्तरीय मल वितरणमा कसरी सहयोग पुर्‍याउँछ? वर्णन गर्नुहोस् । ५

१५. कृषि सामग्री कम्पनी लिमिटेडको कर्मचारी प्रशासन विनियमावली, २०८० अनुसार पदपूर्तिका आधारहरू उल्लेख गर्दै पदपूर्ति समितिको गठन प्रक्रिया जानकारी गराउनुहोस् । २+३=५

१६. कृषि सामग्री कम्पनी लिमिटेडले उपलब्ध गराउँदै आएका सेवाहरूको वर्णन गर्दै कम्पनीले उपलब्ध गराउने सेवामध्ये रसायनिक मल खरिद, आयात तथा वितरण व्यवस्थामा देखिएका कमीकमजोरी तथा समस्याहरू केलाउँदै किसानलाई चाहिएको समयमा पर्याप्त मात्रामा मल उपलब्ध गराउन के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? प्रस्तुत गर्नुहोस् । ४+३+३=१०

:: समाप्त ::